नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

२८ साउन २०८२ बुलेटिन संख्या #१८७७

| घटना संख्या | मृत्यु संख्या | बेपत्ता संख्या | घाइते संख्या | अनुमानित क्षति (ने.रू.) | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ३२ | ० | ० | ४ | २३,४०,००० | १७ | ४ |

## घटना सारांश:

| घटना | जिल्ला | घटना संख्या/विवरण | मृतक | बेपत्ता | घाईते | प्रतिकार्य |
|---|---|---|---|---|---|---|
| बाढी | पाँचथर | फालेलुङ गा.पा.-३ र ४ को सिमानामा घुमाउनेटार स्थित हेवाखोलामा बाढी आई होमपाइप राखी बनाईएको डाईभर्सन माथीबाट पानी बगि सडक अवरोध । | ० | ० | ० | ईप्रका मेमेङको टोली खटि गएको । |
| | पाँचथर | फिदिम न.पा.-४ र ऐ.हिलिहाँङ गा.पा.-७ को संगम स्थल हेवाखोलामा बाढी आई फिदिम तर्फको सडक पूर्ण रूपमा अवरोध। | ० | ० | ० | अप्रपोष्ट नयाँ बसपार्कको टोली खटि गएको । |
| | उदयपुर | कटारी न.पा.-१ कालिखोला स्थित भित्री सडक खण्डको बेल स्रोत र काली खोला तिम्नाही जोड्ने पक्की पुल बाढीका कारण बिच भागमा भाँचिई सडक अवरोध । | ० | ० | ० | प्र.चौ.बेलसोतको टोली खटि गएको । |
| | रुकुम पश्चिम | बाफिकोट गा.पा.-४ छिनखेत स्थित बडगाँउ खोलामा बर्षाको कारण पानीको बहाब बढी गिट्टी, बालुवा सहितको लेदो आई सडक पूर्ण रुपमा अवरोध । | ० | ० | ० | अ.प्र.पोष्ट छिनखेतको ट्राफिक सहितको टोली खटि खुलाउने पहल भइरहेको । |
| पहिरो | पाँचथर | मिक्लाजुङ गा.पा.-३ देउराली स्थित आरुबोटे र दशमी बजार जोड्ने भित्री कच्ची सडक खण्डमा माथीबाट सुख्खा पहिरो झरी बाटो अबरोध । | ० | ० | ० | अ.प्र.पो. आरुबोटेको टोली खटि पहिरो हटाउने पहल भईरहेको । |
| | इलाम | माई न.पा.-९ सोक्तिम स्थित इलाम-बिर्तामोड भित्री सडक खण्डमा रुख सहित पहिरो झरि बाटो अवरोध । | ० | ० | ० | प्र.चौ. चिसापानीको टोली खटि अवरोध हटाउने पहल भइरहेको । |
| | संखुवासभा | मकालु गा.पा.-५ अरुण नदी छेउ स्थित नुमबाट मकालु जाने भित्री कच्ची सडक खण्डमा माथिबाट ढुङगा, माटो सहितको पहिरो झरी बाटो पूर्ण रुपमा अवरोध । | ० | ० | ० | प्रचौ नुमको टोली खटि गएको । |
| | मुस्ताङ्ग | थासाङ गा.पा.-४ तल्लो घासा स्थित बेनी-जोमसोम सडक खण्डमा माथीबाट सुख्खा पहिरो झरि बाटो पूर्ण रुपमा अवरोध । | ० | ० | ० | प्र.चौ. घासाको टोली खटि खुलाउने पहल भइरहेको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मुस्ताङ्ग | वारागुङमुक्तिक्षेत्र गा.पा.-३ छुसाङ स्थित जोमसोम कोरोला सडक खण्डमा माथीबाट पहिरो खसी बाटो पूर्ण रुपमा अवरोध । | ० | ० | ० | ई.प्र.का.छुसाङको टोली खटि खुलाउने पहल भइरहेको । |
| | रोल्पा | माडि गापा.-१ कालाभिर स्थित एक घरमा माथिबाट ढुङ्गा खसि पर्खाल, छानो, अन्नपात, लत्ताकपडा र भाँडावर्तन क्षति, दुई जनाको परिवार छिमेकीको घरमा बसीरहेको । | ० | ० | ० | ई.प्र.का.घर्तिगाउँको टोली खटि गएको । |
| | रोल्पा | परिवर्तन गापा-१ खरिबोट, खोलाबाङ र लिक्याङ स्थित घोराही थवाङ शहिद मार्गमा माथिबाट पहिरो आई बाटो पूर्णरुपमा अबरोध | ० | ० | ० | प्र.चौ.कुरेलीको टोली खटि खुलाउने पहल भइरहेको । |
| | रोल्पा | थबाङ गापा.-२ साईली माईली मोड स्थित घोराही रुकुम शहिद राजमार्गमा माथिबाट पहिरो आई बाटो पूर्ण रुपमा अबरोध । | ० | ० | ० | ई.प्र.का.थबाङको टोली खटि खुलाउने पहल भइरहेको । |
| | सुर्खेत | लेकबेशी न.पा.-९ गङगटेखोला स्थित मदन भण्डारी राजमार्गमा माथीबाट लेदो सहितको पहिरो आई बाटो पूर्ण रुपमा अबरोध । | ० | ० | ० | ई.प्र.का. लेकबेशीको टोली खटि गई JCB बाट पहिरो पन्छाउने कार्य भइरहेको । |
| | सुर्खेत | कालिमाटी गा.पा.-३ भोटेताल स्थित सडक खण्डमा माथिबाट पहिरो खसी बाटो अवरोध | ० | ० | ० | खुलाउन पहल भइरहेको । |
| | सल्यान | कालिमाटी गा.पा.-३ भोटेताल स्थित सडक खण्डमा माथिबाट पहिरो खस्न गई बाटो पूर्ण रुपमा अवरोध । | ० | ० | ० | ई.प्र.का. कालिमाटीको टोली खटि खुलाउने पहल भइरहेको । |
| | जुम्ला | हिमा गा.पा.-७ बागबजार स्थित नाग्मा गमगडी सडक खण्डमा माथीबाट पहिरो आई सडक पूर्ण रुपमा अबरुद्ध । | ० | ० | ० | अ.प्र.पोष्ट जुगार्डको टोली खटि खुलाउने पहल भइरहेको । |
| | कैलाली | चुरे गा.पा.-५ खानिडाडा बजार नजिक भिमदत्त राजमार्गमा बर्षाका कारण माथीबाट पहिरो खसी बाटो अबरोध । | ० | ० | ० | अ.प्र.पोस्ट खानिडाँडाको टोली खटि खुलाउने पहल भइरहेको । |
| | बैतडी | सिगास गा.पा.-९ स्थित जयपृथ्वी राजमार्ग अन्तर्गत खोड्पे बझाङ सडक खण्डको रमिलापुरमा बर्षादका कारण माथिबाट पहिरो आइ सडक पूर्ण रुपमा अबरोध । | ० | ० | ० | अ.प्र.पोष्ट ढोल्यामोडको टोली खटि गएको । |
| **अबिरल वर्षा** | इलाम | इलाम न.पा.-९ गोलबस्ती स्थित अबिरल वर्षाका कारण एक घरको आधा भाग भत्किदा ३५ वर्षिया एक महिला र उनकी १४ वर्षिया छोरी घाईते । | ० | ० | २ | अ.न.प्र.पोष्ट चोकबजार र सशस्त्र बेश क्याम्प श्रीअन्तुको टोली खटि उद्धार कार्य गरेको। |
| | खोटाङ्ग | दिक्तेल रुपाकोट मझुवागढी न.पा-८ दोबेला स्थित एक मतान अबिरल बर्षाको कारण भत्किदा एउटा राँगो घाईते भई १ लाख ५० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्रचौ चिउरीडाँडाको टोली खटिई गएको । |
| | बाँके | अबिरल वर्षाका कारण राप्तीसोनारी गा.पा.-७ लालपुर स्थित एक घरको भित्ता र कुना भत्किई क्षति । | ० | ० | ० | प्र.चौ.फत्तेपुर 'क' को टोली खटि गएको । |


| | | | | | | |
|---|---|---|---|---|---|---|
| | रोल्पा | लुङ्ग्री गापा.-७ हार्जङ स्थित अबिरल वर्षाका कारण घरको पेटी भासिई जोखिममा | ० | ० | ० | प्र.चौ.झिलाङनिको टोली खटिई गएको । |
| | दाङ | तुलसीपुर उ.म.न.पा.-१८ डौडारे स्थित एक घर बर्षातले भत्किई क्षति, ३ जनाको परिवार आफन्तको घरमा बस्दै आएको । | ० | ० | ० | प्र.चौ. बिजौरीको टोली खटि गएको । |
| | सुर्खेत | सिम्ता गा.पा.-८ भुङरी स्थित एक गोठ अबिरल वर्षाका कारण भत्किदा एकवटा गाईको मृत्यु । | ० | ० | ० | प्र.चौ. आलीको टोली खटि गएको । |
| | कालिकोट | रास्कोट न.पा.-४ बसन्तपुर स्थित एक घर बर्षातका कारण भत्किई आंशिक क्षति । | ० | ० | ० | ई.प्र.का.स्युना रास्कोटको टोली खटि गएको । |
| | डडेल्धुरा | अमरगढी न.पा.-७ पोखरा स्थित एक घर बर्षातको कारण भत्किदा ४ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | - |
| **सर्पदंश** | कञ्चनपुर | भिमदत्त नपा-१८ खैरभट्टी बस्ने १२ वर्षिया एक बालिकालाई आफ्नै घरमा सर्पले टोकी घाईते । | ० | ० | १ | घाईतेलाई उपचारका लागि महाकाली प्रादेशिक अस्पताल लगिएको । |
| **आगलागी** | ताप्लेजुङ्ग | आठराई त्रिवेणी गा.पा.-४ फाकुम्बा स्थित एक घरमा कोही नभएको अवस्थामा अचानक आगलागी हुँदा ७ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | ई.प्र.का. दोभानको टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | धनुषा | जनकनन्दनी गा.पा-४ खजुरी स्थित दाउरा, घाँस राख्र बनाइएको घरमा आगलागी हुँदा ४० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | इ.प्र.का खजुरीको टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | पर्सा | बहुदरमाइ न.पा.-२ स्थित एक घरमा खोले पकाउन बालेको आगोबाट अचानक आगलागी हुंदा घर, गोठ जली एउटा भैंसीको मृत्यु, लत्ताकपडा, भाडाबर्तन गरी ४ लाख ५० हजार रुपैंया बराबरको क्षति, आगो निभाउने क्रममा एक पुरुष घाइते । | ० | ० | १ | घाईतेलाई उपचारको लागि नारायणी अस्पताल पठाइएको । |
| | रुपन्देही | कोटहीमाई गा.पा.-५ मझगाँवा चोक स्थित चिया तथा खाजा पसलमा अचानक आगलागी हुँदा भाडाकुडा, लत्ताकपडा, फर्निचर, कागजपत्र, गरगहना, अन्नपात गरी ३ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्रहरी र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | कञ्चनपुर | कृष्णपुर न.पा.-९ राजघाट स्थित एक गोठमा लामखुट्टे धपाउन बालिएको आगोबाट आगलागी हुँदा गोठ जली एउटा बाखाको मृत्यु,एउटा बाखा र एक हल रौंगा घाइते भई १ लाख रुपैंया बराबरको क्षति। | ० | ० | ० | स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| **जम्मा संख्या** | | ३२ | ० | ० | ४ | |

❖ *नोटः साउन २७ गते विहान १०:०० बजे देखि २८ साउन विहान १०:०० बजेसम्म*

## दैनिक वर्षा (Daily Precipitation) को सारांशः


श्रावण २७ गते बिहान ०८:४५ बजे देखि श्रावण २८ गते बिहान ०८:४५ बजे सम्मको वर्षा

आज मिति २०८२/०४/२८ गते बिहान ०८:४५ बजे ३२१ वटा वर्षा मापन केन्द्रहरु (मानव सञ्चालितः ८२ र स्वचालितः २३९) मा मापन गरिएको गत २४ घण्टाको वर्षाको विवरण अनुसार ३०५ वटा केन्द्रहरुमा वर्षा भएको छ (नक्सा १)। उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा इलाम जिल्लाको बरफल्यांग केन्द्रमा (१२६.५ मि.मि.) भएको छ। वर्षा मापन गरिएका केन्द्रहरु मध्ये २८ वटा केन्द्रहरुमा ५० मि.मि. भन्दा बढी र ३ वटा केन्द्रहरुमा १०० मि.मि. भन्दा बढी वर्षा भएको छ।





नक्सा १: श्रावण २७ गते बिहान ०८:४५ बजे देखि श्रावण २८ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको वर्षा (मि.मि.)

## दैनिक न्यूनतम तापक्रम (Daily Minimum Temperature) र अधिकतम तापक्रम (Daily Maximum Temperature) को सारांशः




नक्सा २: श्रावण २७ गते बिहान ०८:४५ बजे देखि श्रावण २८ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको न्यूनतम तापक्रम (डिग्री सेल्सियस)




नक्सा ३: श्रावण २६ गते साँझ ०५:४५ बजे देखि श्रावण २७ गते साँझ ०५:४५ बजे सम्मको २४ घण्टाको अधिकतम तापक्रम (डिग्री सेल्सियस)

तालिका १: ५० मि.मि., १०० मि.मि. र २०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरुको विवरण।

| ५० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु | १०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु | २०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु |
|---|---|---|
| सप्तरी, डोटी, सुनसरी, दाङ, रोल्पा, खोटाङ, बाँके, नवलपरासी पश्चिम, सिराहा, धनुषा | इलाम, झापा, उदयपुर | - |

तालिका २: २०८२/०४/२८ गते बिहान ०८:४५ बजे मापन गरिएको गत २४ घण्टाको न्यूनतम तापक्रम र २०८२/०४/२७ गते साँझ ०५:४५ बजे मापन गरिएको गत २४ घण्टाको अधिकतम तापक्रमको विवरण।

| तापक्रम (डि.से.) | न्यूनतम तापक्रम (केन्द्र संख्या) | अधिकतम तापक्रम (केन्द्र संख्या) |
|---|---|---|
| १० देखि १५ | ३ | - |
| १५ देखि २० | २० | - |
| २० देखि २५ | ४२ | १३ |
| २५ देखि ३० | ३३ | २४ |
| ३० देखि ३५ | १ | ४५ |
| ३५ देखि ४० | - | १७ |
| जम्मा केन्द्र संख्या (वटा) | ९९ | ९९ |
| सबैभन्दा बढी/केन्द्र,जिल्ला | ३०.२ डि.से./टिकापुर, कैलाली | ३६.८ डि.से./लाहान, सिराहा |
| सबैभन्दा कम/केन्द्र,जिल्ला | १२.३ डि.से./हुम्दे, मनाङ | २०.० डि.से./हुम्दे, मनाङ |

नोट:
डि.से. = डिग्री सेल्सियस, मि.मि. = मिलिमिटर
डाटाबेसमा प्राप्त हुने तथ्याङ्कको आधारमा दैनिक रिपोर्टमा प्रयोग हुने केन्द्रको संख्या फरक पर्न सक्नेछ।

**विपद्का घटना सम्बन्धी सूचना र सन्देशका लागि** *www.twitter.com/ndrrma_Nepal* र *www.facebook.com/ndrrma/videos* र *www.youtube.com/NDRRMA* **मा जानुहोस्।**